AMERICAN EMBASSY

२०७२ फागुन १३

# राष्ट्रपति ओबामाद्वारा नेपाल ट्रेड प्रेफरेन्सेस बिलमा हस्ताक्षर

वाशिङ्टन – अमेरिकी राष्ट्रपति बाराक ओबामाले नेपाललाई स्पेसल ट्रेड प्रेफरेन्सेस (विशेष व्यापार ग्राह्यता) दिन स्वीकृति प्रदान गर्ने कानुनमा हिजो हस्ताक्षर गर्नुभएको छ । उक्त कानुनले निश्चित गलैंचा, टोपी, च्यादर, गलबन्दी र यात्रा सामग्री लगायत ६६ प्रकारसम्मका सामग्रीहरूका हकमा भन्सारछुट सुविधा उपलब्ध गराउनेछ ।

नेपाल कार्यक्रमलाई १० वर्षका निम्ति स्वीकृति प्रदान गरिएको छ । गत वैशाखको विनाशकारी भूकम्पले गरेको क्षतिपछि नेपालको आर्थिक पुनरोत्थानमा सघाउने गरी उक्त कार्यक्रम तर्जुमा भएको छ । जनरल सिस्टम अफ प्रेफरेन्सेस (जिएसपी) अन्तर्गतका सुविधाका लागि हालसम्म अयोग्य रहेका नेपाली निर्यात सामग्रीरूलाई उक्त कार्यक्रमले भन्सारछुट सुविधा उपलब्ध गराउनेछ । नेपाल ट्रेड प्रेफरेन्सेस लेजिस्लेसनले व्यापार क्षमता अभिवृद्धि कार्यक्रमलाई समेत स्वीकृति प्रदान गरेको छ, जुन नेपाललाई विश्व व्यापार सङ्गठनको व्यापार सहजीकरण सम्झौता (टिएफए) को कार्यान्वयनमा नेपाललाई सघाउने कार्यमा केन्द्रित छ ।

“नेपाली व्यापारव्यवसायका लागि अमेरिकी बजारमा आफ्नो निर्यात बढाउने यो निकै ठूलो अवसर हो,” अमेरिकी राजदूत अलाइना बी. टेपलेट्जले भन्नुभयो । “विश्व व्यापार सङ्गठनको व्यापार सहजीकरण सम्झौता कार्यान्वयनसम्बन्धी नेपालका योजना र अमेरिकी सरकारले यस लक्ष्यतर्फ कसरी योगदान गर्न सक्दछ भन्ने विषयमा हामीलाई थप जान्ने उत्सुकता छ ।”

कुनै पनि नयाँ ट्रेड प्रेफरेन्स कार्यक्रम सुरु हुनुअघि अमेरिकामा निश्चित प्रशासनिक कदमहरू पूरा हुन जरुरी छ । सर्वप्रथमतः राष्ट्रपतिले नेपालले कार्यक्रमसम्बन्धी योग्यताका सम्पूर्ण आवश्यकताहरू पूरा गरेको छ भन्ने कुरा प्रमाणित गर्नु पर्दछ । उक्त आवश्यकताहरू अफ्रिकी वृद्धि तथा अवसरसम्बन्धी ऐन (ऐगोओए) मुलुकका आवश्यकताहरू समान छन् ।

अमेरिकी बजारमा यस्ता सामग्रीहरूको आयात वृद्धि हुँदा अमेरिकी अर्थतन्त्रमा नकारात्मक असर पर्ने छैन भन्ने सुनिश्चित गर्नका लागि अमेरिकी अन्तर्राष्ट्रिय व्यापार आयोगले प्रेफरेन्स कार्यक्रमले समेटेका सामग्रीहरूको समीक्षा पूरा गर्नु पर्नेछ । वैधानिक रूपमा आवश्यक यस्ता समीक्षाहरू पूरा हुन केही महिना लाग्दछ ।

###